# नवलपरासी - बेलासपुर घटनाको
# स्थलगत अध्ययन प्रतिवेदन

कुश्मा - ७, बेलासपुर, नवलपरासी

असोज २४-२५, २०६४



अनुगमन संयोजन

महिला, कानुन र विकास मञ्च **(FWLD)**

महिला महासन्धि उपसमिति संयोजक

(HRTMCC)

## तथ्य संकलन टोलीको स्थलगत

# अध्ययन प्रतिवेदन

१. पृष्ठभुमि

नवलपरासी जिल्लाको परासी बजारबाट करिव ५ किलोमिटर दक्षिणस्थित कुश्मा गाउँ विकास समिति वडा नं. ३ बेलासपुर भन्ने ठाउँमा मुस्लिम समुदायको मजार बाबाको पुजा गर्ने सिलसिलामा सोही समुदायका महिलहरुलाई बोक्सी बकाउने भनि कुटपिट गरिएको र बोक्सीको आरोपमा महिलाहरु पीडित भन्ने परासी जिल्ला अदालत बारबाट जानकारी हुन आएकोले अध्ययन टोली यहि असोज २४ र २५ गते स्थलगत अध्ययनको लागि घटनास्थल गएको थियो ।



२. अध्ययनको उद्देश्य

घटनाको स्थलगत अध्ययन गरी घटनाको वास्तविक तथ्य संकलन गर्ने र पीडितलाई न्याय दिलाउनको लागि सम्बन्धित निकायको ध्यानकर्षण गर्नु अध्ययनको मुख्य उद्देश्य रहेको थियो ।

३. अध्ययन पद्धति

अध्ययन टोलीले अध्ययन बढी यथार्थपरक र वस्तुपरक बनाउन देहायका पद्धतिहरुको अवलम्बन गरेको थियो ।

(क) **अवलोकन** : अध्ययन टोलीले घटनास्थलको प्रत्यक्ष अवलोकन गर्नुको साथै पीडितको घर घरमा पुगि उनीहरुको स्थिति समेत बुझ्ने काम गरेको थियो ।

(ख) **पीडितहरुसँग छलफल तथा भेटघाट** : अध्यन टोलीले गरेको गाउँ विकास समिति वडा नं. ८ गेर्मा भई पीडित बुधनादेवी कहारसँग र गेरमी गा.वि.स. वडा नं. ६ चम्मन टोलस्थित सबिना, निशासँग भेटघाट तथा छलफल गरेको थियो ।

(ग) **विभिन्न सरोकारवाला व्यक्तिसँग भेटघाट तथा छलफल** : अध्यन टोलीले जिल्लास्थित प्रमुख जिल्ला अधिकारी, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, इन्चार्ज, इलाका प्रहरी कार्यालय, गा.वि.स. पदाधिकारी, मजार पुजा संचालकहरु लगायत व्यक्तिसँग भेटघाट तथा उपरोक्त सम्बन्धमा छलफल गरेको थियो ।

४. अध्ययन टोलीमा संलग्न व्यक्तिहरु

महिलासँग सरोकार रहेको घटना भएकोले महिला महासन्धि उपसमिति अन्तर्गत महिला, कानुन र विकास मञ्च ९ँधम्० संयोजनमा अध्ययन टोली खटाएको थियो । अध्ययनमा निम्न व्यक्तिहरु संलग्न रहेका थिए ।

| | |
|---|---|
| (क) लोकहरि बस्याल | महिला, कानुन र विकास मञ्च |
| (ख) टिका कार्की | हिमराइट्स |
| (ग) नारायण पराजुली | इन्सेक प्रतिनिधि, नवलपरासी |
| (घ) किशोर हमाल | प्रतिनिधि, महिला विकास कार्यालय, परासी |
| (ङ) नसरुल्लाह अन्सारी | जिल्ला अदालत बार परासी |
| (च) बेचु गौड | कान्तिपुर दैनिक समाचारदाता, नवलपरासी |

५. घटनास्थल र घटनाको सुरुवात

परासी बजारबाट करिव ५ किलोमिटर दक्षिणमा अवस्थित कुश्मा गाउँ विकास समिति वडा नं. ३ को बेलासपुर भन्ने स्थानमा मुस्लिम समुदायको कब्रस्थल (चिहान स्थल) रहेको छ सो स्थानमा करिव १ महिना ३ दिन अगाडि कुश्मा-३ बिलासपुरकै करिव १७ वर्षको कुनुबुद्धिन नाम गरेको बालक विरामी भई यहाँ आई धुप बत्ती बालेपछि सन्चो भएपछि यो घटनाको सुरुवात भएको रहेछ । गेरमी - ७ का अन्दाजी वर्ष ३५ को शम्भु प्रसादका अनुसार भुत प्रेत लागेका व्यक्तिहरु यहाँ आई धुपबत्ती बालेपछि स्वतःस्फुर्त

हल्लिने गर्दछन् । भुतप्रेत हटेपछि अग्नीमा गई बक्दछन् । धुप बत्ती बलेको आगोमा कपालको थोरै भाग जलाएपछि स्वतः सन्चो हुने कुरा बताए । उनले अहिलेसम्म करिव २ हजार व्यक्तिहरु सन्चो भइसकेको कुरा पनि जानकारी गराए । उनका अनुसार नेपाल तथा भारतबाट ठुलो संख्यामा मान्छेहरु मजार पुजा गर्न आउने र निको भएर जाने गरेको बताए ।

धुल्लु अन्सारी, कुश्मा - ३, बेलासपुर
उनका अनुसार बाबाले मजार बाबाको पुजा गर्दा भुत प्रेत र बोक्सी लागेका व्यक्तिहरुलाई सन्चो हुने बताए पश्चात यहाँ मजार बाबाको पुजा करिब १ महिना अगाडिदेखि रात दिन निरन्तर रुपमा चलिरहेको थियो । केही दिनपश्चात् प्रशासनले सुरक्षालाई आधार बनाई साँझ ६ बजेदेखि विहान ५ बजेसम्म बन्द गर्नुपर्ने आदेश दिएपश्चात् रातिको पुजा रोकिएको जानकारी दिनुभयो । साथै मजार पुजालाई व्यवस्थित गर्न निम्न व्यक्तिहरु भएको मजार पुजा व्यवस्थापन समिति गठन भएको समेत जानकारी गराए ।

मजार पुजा व्यवस्थापन समिति

१. सब्बिर अन्सारी
२. हाफिज सलाहउद्दिन अन्सारी
३. अहमद हुसेन अन्सारी
४. जिल्दार अन्सारी
५. भुअर धुनिया
६. सलाहउद्दिन अन्सारी

□ कुतु बुद्धिन अन्सारी, कुश्मा ३ विलासपुर, उमेरः १७ वर्ष



करिब तीन चार महिना अगाडि मेरो दाया" कोखो सुन्निएको थियो, दिन प्रतिदिन सो भाग फूल्ने (सुन्निने) क्रम बढ्दै गएपछि म श्री पृथ्वी चन्द्र अस्पताल परासी (नवलपरासीको जिल्ला अस्पताल) मा स्वास्थ परिक्षण गर्न गए । डाक्टर सापले परिक्षण गरि केही औषधि लेखि दिनुभयो । सोही अनुसार औषधि सेवन गरें तर सुन्निने क्रम रोकिएन, पुनः केही दिनपछि डाक्टर सापलाई भेटें, उहा"ले बुटवल अस्पताल जान सल्लाह दिनु भयो । त्यसपछि बुटवल लुम्बिनी अन्चल अस्पताल गएं त्यहा" मलाई

लिभर खराब भएको भनी औषधी लेखियो तर स्वस्थ हुन सकिन क्रमश: भैरहवा अस्पताल गएं त्यसपछि भारतको गोरखपुर गएं त्यहाँ मेरो गुद्धर खराव, ज्क्ष्व एयकष्तष्खभ को शंका गरियो तापनि ठिक हुन सकिन । औषधि गर्दा गर्दै २ लाख खर्च भयो तर केहि भएन रोग जस्ताको त्यस्तै नै रह्‍यो । अन्तमा मेरो बुबा आमाले मलाई झार फुकको लागि भारतको अम्वेडकरस्थित मझार (मन्दिर) मा बाबालाई देखाउन लानुभयो । त्यह“ाका बाबा श्री हजरत मकदुमलाई देखाएं बाबाले मलाई तिम्रो आफनै गाउ“ नजिक मजार बाबा छन् जाउ धुप बत्ती गरी पुजा गर सबै ठिक हुन्छ भने अनुसार हामी आफ्नै गाउ“ बिलाशपुर फर्की गाउ“कै कब्र स्थान (चिहान) मा रात दिन धुप बाली पुजा गरे त्यस पछि मेरो शरिर सुन्निएको ठाउ“ ठाउ“बाट फूटेर पानी निस्कन लाग्यो र शरीर बिस्तार सुक्न लाग्यो र म स्वस्थ हु“दै आए । मलाई अकै गाउ“को एक जना महिला (चिन्दिन) ले टुना लगाएर त्यस्तो बिरामी बनाई दिएको रहेछ । अहिले म स्वस्थ्य छु । यस पछि यहा“का स्थानीय बासिन्दा र भारतबाट समेत भुतप्रेत र बोक्सी लागेका, वा शंका भएका मान्छे आए र स्वस्थ्य भई (करिब २००० जना) फर्केका छन् र आउने जाने क्रम अझै जारी छ ।

पीडित व्यक्तिहरु :

१. हरिसुन नेशा, वर्ष ३५, गेरमी गा.वि.स. वडा नं. ६, चमनटोल
२. बुधनी देवी, वर्ष ४५, गेरमी गा.वि.स. वडा नं. ७ गेर्मीटोल
३. सबुज्जिन नेशा, वर्ष ५०, कुस्मा गा.वि.स. वडा नं. ७

□ तरिफून नेसा, गेरमी गा.वि.स वडा नं ६, चमन टोल, २९ वर्ष

उनी १० पटक गर्भवती भएको कुरा बताइन । उनका अनुसार बोक्सी लागेको कारणले छोरा गर्भमा बस्यो भने गर्भ तुहिने गरेको र ५ वटा छोरी जिवित रहेको बताइन् । उनका अनुसार बाबाले तिमीलाई १६ वर्ष अगाडि खानामा बोक्सीले टुना लगाई खाना दिएकोले छोरा नजन्मेको बताइन् । गाउ“को मजार (कबर स्थान) मा गाउ“का सबै जना पुजा गर्न जान थालेपछि म पनि गए पुजा गरेर बाबाको ध्यान गर्न बस्दा मेरो सरिर काम्न लाग्यो, ३/४ घन्टासम्म कामेपछि मैले आफै बोक्सी लागेको छ, बोक्सी कोही नभएर मेरो आफ्नै जेठानी दिदीको नाम लिएँ रे । अनि बोक्सी (जेठानी) ले १६ वर्ष अगाडी मलाई



dg;fosf] eft

भातमा बोक्सी लगाएर खान दिएकोले मेरो पेटमा आएको छोरा जती मर्ने बनाई दिएको कुरा मैले अचेत अवस्थामा नै भनेछु सबै गाउ“का मान्छेहरुको अगाडी, जेठानी पनि त्यही थिन् पुजा गर्न गएकी, उनलाई सबै मान्छेले बोक्सी भनेर पिटे उनी त्यहा“बाट भागिन् अहिले अरुको घरमा लुकेर बसेकी छन् । मैले चिनी हालेर भात मन्साएर राखेको छु आज एकहप्ता भयो । अब यो फयाँकेपछि मेरो पेटको बच्चा (छोरा) झर्दैन भन्ने कुरामा म विस्वस्त छु । किनभने बाबाको कुरा झुठो हु“दैन । बोक्सीलाई अब नाङ्गै पारेर गाउ“ घुमाउनु पर्छ ।

□ हरिसुन नेसा (पिडित), गेरमी गा.वि.स वडा नं ६, ३५ वर्ष



अन्दाजी २ हप्ता अगाडि म र मेरो २ जना देउरानीहरु बाबाको मजारमा पुजा गर्न गएका थियौं । पुजा गरी ध्यान गरेर बस्ने क्रममा मेरो देउरानी काम्न थाली र मलाई बोक्सीको आरोप लगाई । बोक्सीको आरोप लगाउना साथ त्यहा“का केही मानिसहरुले मलाई पिट्न लागे । म ज्यान बचाउन त्यहाँबाट भागेर आफ्नो घरमा आए“, म नभागेको भए मलाई त्यही मार्ने थिए । गाउ“मा मलाई टुनाइत (बोक्सी) भनेर सबै जनाले मार मार भन्न थाले, त्यसको भोली पल्ट सबै जनाले मलाई पुनः मजारमा लगेर बोक्सी कबुल गराउने भनेर मेरो घरमा लिन आए म पर सरेको १ दिन भएको र मेरो जिउ फोहर भएकाले जान मानिन, सबै जनाले मलाई बोक्सी भएकाले जान नमानेको भनी आरोप लगाए ४ दिनपछि म आफै मजारमा गएँ र ध्यान गरेर बसे । मेरो जिउ पनि कामेन, केही पनि भएन । त्यहा“का मानिस र समितिको बाबाले मलाई बोक्सी होस् काम, किन काम्दिनस, स्वीकार गर, किन गर्दिनस् भनी कराउन लागे । मैले भने म बोक्सी भए मजार बाबाको शक्तिले आफै मलाई बोल्न लगाई हाल्छ नी म बोक्सी नै हैन, कसरी म कबुल गरु भने । त्यसपछि त्यहा“का केही मानिसहरुले यसलाई मार मार भनेर भुत्ल्याउन लागे म फेरी भागेर आएँ । मेरो घरमा ढोका नभएकोले म असुरक्षा महसुस गरी अरुको घरमा बस्दै आएको छु । खान पनि मन लाग्दैन, श्रीमानले गाउ“को पुलीसमा रिपोट गरेको भन्नु हुन्छ मलाई थाहा छैन । म मेरो घरमा बस्न सक्ने अवस्था छैन । उनको पीडा छ, म के गरु कहा“ जाउ“ ? उनी मात्र होइनन्, उनको सम्पूर्ण परिवार अत्यन्त त्रास, पीडा, मानसिक यातनाको शिकार भएका छन् । उनकी १३ वर्ष की जेठी विवाहित छोरी अब उसका परिवारले घरमा बस्न दिदैनन् भन्ने चिन्ताले रोइरहेकी छन्, बोक्सीकी छोरी भनेर हल्ला

भइ सक्यो, अब उसको जिन्दगी पनि बर्बाद हुने भयो भन्ने उनलाई चिन्ता छ । मेरो कारणले मेरो छोरीको घर बिग्रने भयो ।

□ बुधना देवी (पिडीत), गेरमी गा.वि.स वडा नं ८, गेर्मी, ४५ वर्ष



मेरो भतिजाको श्रीमती (मेरो बुहारी) को भाउजु पर्ने आइमाईले मजारमा पुजा गर्न जा"दा काम्दै मैले बोक्सी लगाएको भनी रे त्यसकारणले मलाई मेरा भतिजा छोराहरु धर्मेन्द्र, गोरख र मेरी देउरानी सोमहीले मिलेर पिट्न लागे, मेरो श्रीमान छुटयाउन लाग्दा उनीहरुलाई पनि पिटे, उनीहरुले मेरी ७ वर्षकी कान्छी छोरीलाई पनि लात्ताले पेटमा हानेर बेहोस बनाई दिए, मेरो घरमा ताल्चा लगाई दिए, म लगायत मेरा सबै परिवारलाई घरबाट निकाली दिए । म लुकेर मिल (धान मकै पिन्ने ठाउ", आफ्नै) मा बसिरहेको थिए, सोही दिन मेरो घरमा १५ जना खेताला लगाएर धान झाटी रहेका थिए, सोह समयमा मलाई भतिजाहरु लगायत गाउ"का अरु मान्छेहरुले पनि बोक्सी बक्न मजारमा भुत्ल्याउ"दै पिट्दै लिएर गए र बक्न लगाए (बोक्सी हो भनी कबुल गर्न जबरजस्ती गरेको) तर म बोक्सी नै हैन, मैले कसरी कबुल गर्नु । कबुल नगरेको भनेर पनि उनीहरुले मलाई पिटे । म भागेर मात्र, बा"चे । त्यसपछि मेरो श्रीमानले पुलिसमा उजुरी गर्नुभयो पुलिसले उनीहरुलाई बोलायो गाउ"का नेता (नेपाली काग्रेस) पिङ्की बाबु (रवी खत्री) र इलाका प्रहरी इन्चार्ज चन्द्र सिंह महरा लगायतका व्यक्तिहरुको रोहवरमा मिलेर बस्न लगाए र घरको ताला खोली दिए । पिडीतलाई केहि पनि सजाय दिएको छैन । मेरो घाउहरुमा औषधि पनि दिएन । म पिटाइले घाइते भएको छु । अहिले मलाई गाउ"का मान्छेहरुले बोक्सी भन्छन मेरो इज्जत गयो, मलाई मर्न मन लागेको छ । मलाई लाज भएको छ । त्यो मजार बाबा झुट हो, यदि सा"चो भएको भए म बोक्सी नभएको मान्छेलाई कसरी बोक्सी भन्यो ? यो सब रिसइवीको कबारणले हो बेइज्जत गर्ने मनसायले हो । म अहिले पनि लुकेर बस्नु पर्छ अहिले पनि कुट्न आउछन्, मार्न आउ"छन् भन्ने डर लाग्छ । अहिले पनि उनीहरु मसँग झगडा गर्छन् बोक्सी भनेर । म कहा" जाउ" कसलाई भनु, मेरो इज्जत कस्ले फर्काइ दिन्छ ? उनी मात्र होइन, उनको ७ कक्षा र ५ कक्षामा पढिरहेका नाबालक छोरा एंव उनका श्रीमान समेत सो घटनामा मानसिक यातनाको शिकार भएका छन् ।

□ मुकेश गुप्ता



भारतको शितलपुर निवासी करिव करिव दुई अढाई वर्षको बच्चा मुकेश गुप्ता खुट्टा भाँचिएर प्लास्टर गरिरहेको अवस्था देखिन्थ्यो र सो बच्चा पुजा स्थलमा जान प्रयास गरेको देखिन्थ्यो । सो बच्चा उनीहरुले हल्लिरहेको भनिएको भए पनि अध्ययन टोलीले बच्चा हल्लिरहेको अवस्थामा पाए ।

स्थलगत अध्ययन टोलीले सम्बन्धित निकायका कर्मचारीहरुसँग गरेको भेटघाट तथा छलफल

□ अमरलाल गौण

उनी गेरमी गा.वि.स. मा कार्यरत पियन दर्जाको कर्मचारी रहेछन्, उनले उपरोक्त घटनाको प्रत्यक्ष अनुभव सुनाए । उनका अनुसार यो अत्यन्त गलत कुरा भइरहेछ जो सिधा र गरिब छ उसलाई बोक्सीको आरोप लगाइएको छ । उनी पनि अध्ययन टोली आएको खबर पाएपछि भेट्न आएको बताए । उनका अनुसार बेलासपुरमा मुस्लिम समुदायका व्यक्तिहरुको मजार पुजाको नाममा अन्धविश्वासमा परि गरिब महिलालाई मानसिक तथा शारीरिक यातना दिने काम भएको छ, जुन अत्यन्तै निन्दनिय छ ।

□ प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद खनाल

अध्ययन टोलीले घटनास्थलमा जानुभन्दा पहिला जानकारी गराई घटनास्थल गएको थियो । घटनास्थलबाट फर्की सकेपछि त्यहाँको वस्तुस्थितिको बारेमा जानकारी गराएको थियो । घटनाको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी आफू सचेत भएको बताए । उनले सो मजार पुजालाई साँझ ६ बजेदेखि विहान ६ बजेसम्म नगर्न निर्देशन दिइसकेको जानकारी गराए । साथै सो पुजालाई व्यवस्थित गराउन स्थानीय मुस्लिम प्रतिनिधिलाई बोलाई रोक्न आग्रह गरेको बताए । सो पुजा सोही स्थान कहिल्यै नभएको, त्यहाँ बल प्रयोग गरी बन्द गर्दा पनि धार्मिक विवाद चल्ने भएकोले पनि तुरुन्तै नरोकिएको तर विस्तारै रोकिने कुराको पनि जानकारी गराए । उनले पीडितलाई न्याय दिने कुरामा प्रतिब रहेको बताए ।

□ रामकृष्ण अधिकारी, प्रहरी सहायक निरीक्षक, इलाका प्रहरी कार्यालय, गेरमी

श्री अधिकारीले उपरोक्त घटनाका सम्बन्धमा आफू आउनु भन्दा अगाडि नै भएकोले जानकारी नभएको बताए । तर पनि पीडितले असुरक्षाको महसुस गरी सुरक्षाको माग गरेमा हामीहरुको दायित्व नै नागरिकको सुरक्षा गर्ने भएकोले उनीहरुलाई सुरक्षा दिने प्रतिबद्धता गरे । हवल्दार रामबहादुर कार्कीका अनुसार पीडितले उजुरी दिएपश्चात् विपक्षीलाई झिकाई दुवै पक्ष र स्थानीय राजनैतिक कार्यकर्ताको उपस्थितिमा मिलापत्र भएको जानकारी गराए । सो मिलापत्र तत्कालिन प्रहरी सहायक निरीक्षक चन्द्रसिंह महराको कार्यकालमा भएको कुरा अध्ययन टोलीलाई जानकारी दिए ।

□□हरि बडुवाल, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, नवलपरासी
उपरोक्त घटनाको सम्बन्धमा अत्यन्त गलत कार्य हो तरपनि त्यहाँ धार्मिक विषय जोडिएकोले धार्मिक गुरुले कारवाही गर्दा धार्मिक विवाद बढ्न सक्ने भएकोले अत्यन्त होसियाली पूर्वक समाधान गर्नुपर्ने बताए । पीडित मध्ये एक जना सबुञ्जिन नेशा वर्ष ५० की ले जाहेर गरेकी छन् । विपक्षीहरु सहित २७ गते आइतबारका दिन छलफलको लागि बोलाइएको जानकारी गराए । पीडितलाई न्याय दिलाउने प्रतिबद्धता जनाउनुभयो ।

६. अध्ययनको निष्कर्ष :

अध्ययनको शिलसिलामा देखिएका तथ्यको आधारमा अध्ययन टोलीको निम्न निष्कर्ष रहेको छ ।

(क) मुस्लिम समुदायको बाहुल्यता रहेको सो स्थानमा मजार बाबाको पुजाको नाममा गरिब महिला उपर बोक्सीको आरोप लगाउने र आरोपित व्यक्तिलाई मजार पुजा स्थलमा जबरजस्ती ल्याई कुटपिट गरी सार्वजनिक बेइज्जती गरिएको छ । जसले गर्दा पीडित महिलाहरु एकातिर सार्वजनिक बेइज्जतीको साथै मानसिक र शारीरिक यातनाको शिकार भएका छन् । यसको अलवा उनीहरु कति बेला पीडकले अझ बढी यातना दिने हुन भन्ने असुरक्षा बाँच्न विवश छन् ।

(ख) उपरोक्त समाजमा रहेको अन्धविश्वास र मजार बाबाको पुजाको निरन्तरताले महिलाहरु पीडित हुने संख्या अझ बढ्दै जाने र जसको कारणले समाजमा द्वन्द्वको स्थिति सिर्जना हुने देखिन्छ ।

(ग) स्थानीय प्रशासनले उपरोक्त घटनालाई आधार बनाई धार्मिक/जातिय द्वन्द्वमा परिणति हुन सक्ने सम्बन्धमा सचेत रहेको पाइन्छ । तथापि पीडित महिलाहरुको सुरक्षा र न्यायको सवालमा अझ बढी गम्भीर हुनुपर्ने देखिन्छ ।

(घ) आफ्नो परम्परा अनुसार पुजाआजा गर्न संवैधानिक अधिकार भए पनि कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता माथि कुठाराघात हुने गरी सामाजिक बेइज्जती गरिनु, कुटपिट गरी शारीरिक तथा मानसिक यातनाको शिकार बनाइनु, घरबाट बिस्थापित गरिनुले नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त मौलिक हकहरु समानता, स्वतन्त्रता, महिला हक, महिला हिंसा विरुद्धको हक लगायतका अधिकार उल्लंघन भएको छ ।

(ङ) उपरोक्त घटनाको कारण पीडित महिलाहरुको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने अधिकार, महिला महासन्धिको धारा १, २, ११, १४, १५ द्वारा प्रदत्त अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ लगायत नेपाल पक्ष राष्ट्र भएका महासन्धिद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, समानता, स्वतन्त्रता लगायत सामाजिक सुरक्षा र उपयुक्त न्याय पाउने मानव अधिकारका आधारभुत अधिकारहरुबाट समेत बन्चित भएका छन् । यातना, क्रुर, अमानवीय एंव अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिद्वारा प्रदत्त यातना विरुद्धको हक समेत गम्भीर उल्लंघन भएको छ ।

(च) यसैगरी मुलुकी ऐनको अदलको महलमा स्पष्ट रुपमा बोक्सा बोक्सीको आरोप लगाउने कार्यलाई गैरकानुनी र दण्ड सजायको समेत व्यवस्था गरी सकेको परिप्रेक्ष्यमा समेत घटना घट्नु सम्बन्धित निकायले यथासिघ्र कारवाही नचलाउनु मानव अधिकारको दृष्टिकोणबाट दुःखदायी हो ।

७. सुझाव :

(क) २१ औं शताब्दीमा पनि कुनै पनि नागरिक माथि बोक्सीको आरोप लगाउनु र कथित बोक्सी बकाउने भन्दै निज माथि सार्वजनिक स्थलमा कुटपिट र लछार पछार गरी सामाजिक बेइज्जती गरिनु अत्यन्त निन्दनीय कार्य हो, साथै वैयक्तिक जीवन माथि यो भन्दा ठुलो पीडा पनि केही हुन सक्दैन । तसर्थ उपरोक्त समाजमा रहेको कथित अन्धविश्वासलाई हटाउन यथासिघ्र जनचेतना जगाउन सम्पूर्ण सरोकारवाला निकायले आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

(ख) संक्रमणकालिन अवस्थामा यो घटनालाई आधार बनाई सामाजिक सद्भाव खलबलिन नदिई पीडकलाई कारवाही गर्ने र पीडितलाई न्याय दिलाउन स्थानीय निकायले पर्याप्त ध्यान दिनु जरुरी छ ।

(ग) स्थानीय राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक सेवामा कार्यरत सम्पूर्ण संस्थाहरुले स्थानीय स्तरमा समेत उपरोक्त क्रियाकलापलाई निरुत्साहित गर्ने र गैरकानुनी कार्यमा संलग्न जो कोहीलाई पनि कारवाही गर्न सम्बन्धित निकायलाई सहयोगी भुमिका खेल्नु पर्ने देखिन्छ ।

(घ) स्थानीय प्रशासनले सामाजिक सद्भाव खल्बलिन नदिनको लागि स्थानीय मुस्लिम समुदायका मुख्य व्यक्तिहरुसँग सो विषयको सम्बन्धमा पर्याप्त छलफल गरी पीडितलाई न्याय दिलाउने, उनीहरुको व्यक्तिगत एंव सामाजिक सुरक्षाको प्रत्याभुति दिनु आवश्यक छ ।

(ङ) बोक्सीको आरोप लगाउने र तथाकथित बोक्सी बकाउने नाममा सार्वजनिक स्थलमा कुटपिट गरिनु, जघन्य अपराध भएकोले विद्यमान मुलुकी ऐनको व्यवस्था पर्याप्त नभए तापनि उपरोक्त कानुनको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायले तदारुकता देखाउनु पर्ने र नेपाली समाजमा बोक्सीको आरोप लगाउने घटना निरन्तर घट्ने र पीडितलाई घर तथा गाउँबाटै निकाला गरिने गरिएकोले उपरोक्त गलत परम्परालाई निर्मुल गर्न छुट्टै ऐनको निर्माण गरिनु पर्ने देखिन्छ ।